नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
नेपाल लाईभस्टक सेक्टर ईनोभेसन आयोजना

# विकेन्द्रित आयोजना सहयोग इकाई

बुटवल, रूपन्देही

☎ ०७१-५५०५८०

च.नं. २८०
प.स. ०७६।७७

मिति २०७६।८।१०

श्री सबै स्थानीय तहहरु ,उपमहानगरकालिका ,नगरपालिका ,गाँउपालिका ।

पश्चिम नवलपरासी,रुपन्देही ,कपिलवस्तु ,पाल्पा,गुल्मी,अर्घाखाँची र वर्दिया ।

विषय :सूचना पठाइएको सम्बन्धमा

प्रस्तुत सम्बन्धमा नेपाल लाईभस्टक सेक्टर ईनोभेसन आयोजना,विकेन्द्रित आयोजना सहयोग ईकाई बुटवलको मिति २०७६।०८।०९ गते दुध मासुजन्य -(खसी बोका ) खरिद सम्बन्धी माग विवरण पेश गर्न प्रकाशित सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी आवश्यक सहयोग दिनुहुन अनुरोध छ ।साथै १/१ प्रति सूचना यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

श्री प्रेम जी
सूचना वेभसाइटमा राख्नु।
२०७६।८।१६

श्री लोकराज भूसाल
( अनुगमन तथा मूल्याङ्कन अधिकृत )

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी
दर्ता नम्बर १०२६
दर्ता मिति: ०७६।८।१०
दर्ता गर्ने: ........

Email :– menlsipbutwal@gmail.com

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना

# विकेन्द्रित आयोजना सहयोग इकाई, बुटवल

आयोजनाको सहयोगमा संचालित Productive Alliance उप -आयोजनाहरुबाट उत्पादन हुने दुग्धजन्य पदार्थ ,मासुजन्य पदार्थ( खसी बोकाको मात्र ) र च्याङ्ग्रा पशिमना खरिद गर्न चाहने खरिद कर्ताहरुलाई आफ्नो माग विवरण पेश गर्ने बारे

अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति २०७६।०८।०९

विश्व बैंकको ऋण सहयोगमा संचालित यस आयोजनाले पशुजन्य पदार्थको उत्पादनकर्ता र खरिदकर्ता बिचको सम्झौता ( Productive Alliance )को अवधारणालाई प्रोसाहित गर्दै विभिन्न खरिदकर्ताहरुको माग संकलन गरी माग अनुसारको आपूर्ति व्यवस्था मिलाउन विभिन्न जिल्लाहरुमा उत्पादक संस्था ( Producers Organizations ) गठन गर्दै आइरहेको सर्वविदितै छ ।यस क्रममा आयोजनाबाट कृषक समूह ,सहकारी, उद्यमी तथा सम्बन्धित कम्पनीहरुलाई ( SMEs ),उत्पादक र खरिदकर्ताबीच सम्झौता भई तयार गरिएका व्यवसायिक योजनाहरु : दुग्धजन्य पदार्थ,खसी बोकाको मासुजन्य पदार्थ र च्याङ्ग्रा पशिमनाको मूल्य श्रृंखलाम( Productive Alliance को माध्यमबाट उप -आयोजनाहरु संचालन गर्ने हुँदा उक्त उप -आयोजनाहरुबाट उत्पादित दुग्धजन्य पदार्थ,मासुजन्य ( खसी बोकाको मात्र ) र च्याङ्ग्रा पशिमना बजारको माग अनुसार ( National /International Market ) खरिद गर्न चाहने खरिदकर्ताहरुले तपसिलका विवरणहरु खुलाई सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस विकेन्द्रित आयोजना सहयोग इकाई बुटवलमा आफ्ना माग विवरणहरु पेश गर्नुहुन सम्बन्धित सबै इच्छुक सरोकारवालाहरुलाई अनुरोध गरिन्छ ।

तपशील :

१. खरिदकर्ताको नाम /ठेगाना : ................................................सम्पर्क नम्बर ....................

२.खरिदकर्ताको विवरण :( १)दर्ता भएको भए (क)कम्पनीको नाम (ख) दर्ता मिति (दर्ता भएको स्थान)

(२) अन्य फूटकर व्यवसायी भए, सोही अनुसारको नाम/ठेगाना ,सर्म्पक नम्बर

३.खरिद गर्न चाहेको वस्तुको मागको विवरण :

| सि.नं. | वस्तुको विवरण | माग वार्षिक परिमाण मे.टन/के.जी | तोकिएको गुणस्तर केही भए | खरिद गर्न चाहेको स्थान वा कृषक संस्था | उत्पादकले डेलीभरी दिनुपर्ने स्थान | अन्य सर्त केही भए |
|---|---|---|---|---|---|---|
| १. | दुग्धजन्य पदार्थ | | | | | |
| २ | मासुजन्य पदार्थ | | | | | |
| ३ | च्याङ्ग्रा पशिमना जन्य | | | | | |

विस्तृत जानकारीको लागी सम्बन्धित विकेन्द्रित आयोजना सहयोग इकाई बुटवलमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**सम्पर्क नम्बरहरु :**

विकेन्द्रित आयोजना सहयोग इकाई, फोन नं ०७१-५५०५८०,इकाई प्रमुख ९८५७०४४४०, सूचना अधिकारी ९८५७०४४५१७
प.स्वा.प्रा. ९८५७०७६७९३

प्रमुख

विकेन्द्रित आयोजना सहयोग इकाई ,बुटवल

ईमेल :menllsipbutwal@gmail.com

पुनश्च :

Productive Alliance उप आयोजना भन्नाले कुनै निश्चित उद्धेश्य प्राप्तीको लागी कृषि उत्पादक र कृषि खरिदकर्ता विच मैत्रीपूर्ण सम्झौता भई आयोजनाको प्राविधिक सहयोगमा संचालन भएको उप -आयोजनाहरुलाई जनाउँदछ। यस प्रकृयामा खरिदकर्ताले आयोजनाबाट कुनै अनुदान प्राप्त गर्ने व्यवस्था रहदैन ।

उत्पादक र खरिदकर्ता वीच प्रतिवद्धता सहित गरिएको मैत्रीपूर्ण सम्झौताबाट प्राप्त भएका प्रस्तावहरु मात्र NLSIP को पूरक अनुदानको लागी योग्य हुने हुँदा यस तर्फ सम्बन्धित सबैको ध्यान आकर्षित हुन अनुरोध गरिन्छ।

उत्पादक को हुन ?

- संगठित रुपमा रहेका कुनै विशेष उत्पादनको लागी आवद्ध भएका कृषक समूह,सहकारी,निजी फार्म तथा उत्पादक संघ।
- उत्पादक सस्था सम्वन्धित निकायमा दर्ता हुनुपर्ने छ ।

खरिद कर्ता को हुन ?

- प्रशोधनकर्ता ,मध्यस्थकर्ता,उपभोक्ता ,वितरक,सरकारी निकाय,संङ्कलन कर्ता खुद्रा तथा थोकविकेता ।
- खरिदकर्ता सम्बन्धित निकायमा दर्ता हुनुपर्ने छ ।

संझौतामा उल्लेख हुनुपर्ने अनिवार्य विषयहरु के हुन् ?

- उत्पादन /प्रकृया (Production Process.
- उत्पादनको विस्तृत विवरण( Specification of the Product.
- उत्पादनको गुणस्तर( Quality.
- उत्पादनको खरिद मूल्य (Price of the Product.
- उत्पादन वस्तु उत्पादकबाट खरिदकर्ताको आपूर्ति स्थलसम्म पुचाउने विषयको विवरण (Delivery on Site.
- सम्झौता लागु रहने अवधि (Contract Period.
- खरिदकर्ताबाट दिइने सेवा र सुविधा (Services Provided by Buyers.
- उत्पादनको प्याकेजिङ्ग ( Product Packging .
- सम्झौता उल्लंघनकर्ताबाट भराइने क्षतिपुर्ति( Compensation against Violation of the Agreement .

NLSIP बाट अनुदान लिन चाहने इच्छुक योग्य उत्पादनकर्ताहरुले समयमै खरिदकर्तासँग आवद्ध भई सम्झौता गर्न सहयोगको आवश्यकता परेमा यस विकेन्द्रित आयोजना सहयोग इकाई बुटवलमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

विकेन्द्रित आयोजना सहयोग इकाई ,बुटवल

फोन नम्बर ०७१-५५०५८०

नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना
विकेन्द्रित आयोजना सहयोग इकाई
बुटवल, रुपन्देही

मिति:२०७६/ /

श्रीमान् इकाई प्रमुख ज्यू

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना

विकेन्द्रित आयोजना सहयोग इकाई, बुटवल ।

विषय : माग विवरण पेश गरेको सम्बन्धमा

उपर्युक्त विषयमा यस नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना हरिहर भवन ललितपुरको मिति २०७६।०७।२६ गते प्रकाशित सूचनाअनुसार मेरो/हाम्रो संस्था प्रा.ली./कम्पनीले निम्न बमोजिमको दुध र मासुजन्य (खसि बोका) उत्पादनको खरिद तपशील बमोजिम गर्न सकिने व्यहोरा अनुरोध गर्दै यो माग विवरण पेश गर्दछु ।

| सि.नं. | वस्तुको विवरण | माग वार्षिक परिमाण मे.टन/के.जी | तोकिएको गुणस्तर केही भए | खरिद गर्न चाहेको स्थान वा कृषक संस्था | उत्पादकले डेलीभरी दिनुपर्ने स्थान | अन्य सर्त केही भए |
|---|---|---|---|---|---|---|
| १. | दुग्धजन्य पदार्थ | | | | | |
| २ | मासुजन्य पदार्थ | | | | | |
| ३ | खसि बोका वा अन्य | | | | | |

निवेदकको

नाम :

संस्था प्रा.ली/कम्पनीले नाम

ठेगाना :

सम्पर्क नम्बर :

इमेल

संलग्न कागजातहरु

१.संस्था दर्ता प्रमाणपत्र, करदाता प्रमाणपत्र, नागरिकता